मितिः २०८२/११/१०
समयः दिनको २:०० बजे

आज मिति २०८२ साल फागुन महिनाको १० गते आइतबारका दिन यस गोकर्णेश्वर नगरपालिकाका नगर प्रमुख श्री दिपक कुमार रिसालज्यूको अध्यक्षतामा गोकर्णेश्वर नगर कार्यपालिकाको पैंतालिसौं बैठक देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा बस्यो ।

<u>उपस्थितिः</u>

| क्र.सं. | पद | नामथर | कार्यपालिका पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख | श्री दिपक कुमार रिसाल | अध्यक्ष | |
| २. | नगर उप-प्रमुख | श्री सान्नानी लामा | सदस्य | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री द्धारिका श्रेष्ठ | सदस्य | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री मधु तामाङ | सदस्य | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री मुरारी प्रसाद कुइकल | सदस्य | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री जयराम महत | सदस्य | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री नारायण बहादुर सुवेदी | सदस्य | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री नवराज लामा | सदस्य | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री केशव गुरुङ | सदस्य | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री नन्दलाल श्रेष्ठ | सदस्य | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री राजिब थापा | सदस्य | |
| १२. | कार्यपालिका सदस्य | सुश्री लक्ष्मी भण्डारी | सदस्य | |
| १३. | कार्यपालिका सदस्य | श्री सोविता मिजार | सदस्य | |
| १४. | कार्यपालिका सदस्य | श्री गौरी माया श्रेष्ठ | सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| १५. | कार्यपालिका सदस्य | श्री माया तामाङ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य | श्री सिता दर्जी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य | श्री पासाङ वाङ्चु शेर्पा (ह्योल्मो) | सदस्य | |
| १८. | कार्यपालिका सदस्य | श्री देवी माया लिम्बु | सदस्य | |
| १९. | कार्यपालिका सदस्य | श्री हरिबहादुर वि.क. | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत | श्री यामनारायण गौली | सचिव | |

आमन्त्रित उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | आर्थिक प्रशासन शाखा प्रमुख | अधिकृत स्तर आठौं श्री रामजी रायमाझी | |
| २. | स्वास्थ्य शाखा प्रमुख | हरि प्रसाद उपाध्याय | |
| ३. | राजस्व शाखा प्रमुख | अधिकृत स्तर सातौं श्री नारायण पुरी | |
| ४. | प्रशासन शाखा प्रमुख | अधिकृत छैटौं श्री भूपेन्द्र बोहरा | |
| ५. | सूचना प्रविधि शाखा | अधिकृत छैटौं श्री कुन्ता श्रेष्ठ | |
| ६. | प्रशासन शाखा | प्रा.स. श्री रामबाबु बस्नेत | |
| ७. | प्रशासन शाखा | कम्प्युटर सहायक चौथो, श्री मालती भण्डारी | |

## गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/११/१०गतेको पैंतालिसौं कार्यपालिका बैठकको निर्णय

निर्णय नं.१:- नागरिक उड्डयन प्राधिकरणको पत्र सम्बन्धमा ।

१.१) यस गोकर्णेश्वर नगरपालिका, जोरपाटी (प्रथम पक्ष) र हिटा हेभी मेसीनरी एण्ड रिसाइकल प्रा.लि, का.म.न.पा. वडा नं. ६ बौद्ध (दोस्रो पक्ष) वीच गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्रका फोहोरमैला दिर्घकालिन रूपमा संकलन र व्यवस्थापन गरि नगरपालिका क्षेत्रलाई प्रदुषणरहित, फोहोरमुक्त र स्वच्छ वातावरणमैत्री बनाउने उदेश्यसहित मिति २०७८/०५/०१ मा १५ बुँदे शर्तहरूसहित जापानमा निर्मित अत्याधुनिक इन्सिनेरेटर मेसिनबाट फोहोर व्यवस्थापन गर्ने सम्झौता भएकोमा करारमा उल्लेख भएको शर्तहरूबमोजिम दोस्रोपक्षबाट नियमित, प्रभावकारी तथा गुणस्तरीय सेवा प्रदान गर्नुपर्ने दायित्व हुँदाहुँदै पनि पटक-पटक सेवा अवरुद्ध हुनु, मेसिनबाट फोहोर जलाउदा वातावरणमा प्रतिकुल असर नहुने व्यवस्था नमिलाउनु, पूर्व मौखिक सचेतना तथा स्पष्टीकरण माग गर्दा सन्तोषजनक सुधार नगर्नु जस्ता कार्यहरू करार उल्लंघन (Contract Breach) को रूपमा प्रमाणित भएको कारणले मुलुकी देवानी संहिता २०७४, दफा ५३५(१) अनुसार करारको हुने पक्षले करारबमोजिम दायित्व पुरा नगरेमा, करार बमोजिम आफुले गर्नुपर्ने कामको निजले नगर्ने कुराको सुचना अर्को पक्षलाई दिएमा वा पक्षको कामकारबाही र आचरणबाट निज करार बमोजिमको काम गर्न असमर्थ देखिएमा निजले करार उल्लंघन गरिएको मानिनेछ भन्ने व्यवस्था भए बमोजिम दोस्रो पक्षबाट मिति २०८२/११/०८ मा करार बमोजिम कार्य गर्न असमर्थता देखाएको साथै करार सम्झौता रद्द गरिदिन अनुरोध भएकोले कानुनअनुसार करार सम्झौता उल्लंघन भएको हुनाले यस नगरकार्यपालिका बैठकबाट मिति २०७८/०५/०१ गते भएको यस नगरपालिका र हिटा हेभी मेसीनरी एण्ड रिसाइकल प्रा.लि, का.म.न.पा. वडा नं. ६ बौद्ध बीच भएको करार सम्झौता रद्द गर्ने निर्णय गरियो।

१.२) सम्झौताको शर्त नं. २ बमोजिम उक्त ईन्सिनेरेटर मेसिनको व्यवस्थापन स्थल निर्माण र सामाग्री राख्न आवश्यक पुर्वाधार निर्माणका लागि नगरपालिकाको तर्फबाट जम्मा रू. १०००००००।–(एक करोड) भुक्तानि गराउने शर्तानुसार नगरपालिकाबाट आ.व. २०७८/०७९ मा ट्रससहितको पुर्वाधार निर्माण गरि प्राविधिक मुल्याङ्कन रू. ९८,३०,२०९.७८।– देखिएकोमा यस नगरपालिकाबाट भुक्तानी भएको रकम रू. ८४,५५,१६६।–मुलुकी देवानी संहिता २०७४, दफा ५३७(१) बमोजिम करार उल्लंघन गर्ने पक्ष हिटा हेभी मेसीनरी एण्ड रिसाइकल प्रा.लि बाट भराई लिने निर्णय गरियो। सो सम्बन्धमा उक्त कम्पनीलाई यस नगरपालिकाबाट करार सम्झौता खारेज भएको जानकारी सहित यस नगरपालिकाबाट पुर्वाधार निर्माण गरि भुक्तानी भएको रकम ३५ दिनभित्र जम्मा गर्न पत्राचार गर्ने निर्णय गरियो।

## गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/११/१०गतेको पैंतालिसौं कार्यपालिका बैठकको निर्णय

१.३) नेपाल नागरिक उड्डयन प्राधिकरण, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचर, काठमाण्डौंको मिति २०८२/१०/१५, पत्र संख्याः ए.एम.डी. २०८२/८३, च.नं. १७३ को पत्रानुसार Incinerator center/ Waste Collection हटाई दिने सम्बन्धमा विमानस्थल वरपरको क्षेत्रमा फोहार मैला नगर्न/नगराउन साथै Incinerator center तहाँबाट तुरून्तै स्थानान्तरण गराउन सुरक्षित हवाई उडानका लागि नगरि नहुने भएकोले यस नगरपालिकाबाट तत्कालै आवश्यक कार्वाही हुनपर्ने निर्णयानुसारको व्यहोराको पत्रानुसारको विषय यस नगरपालिकालाई ध्यानाकर्षण भएबमोजिम उक्त Incinerator center भएको क्षेत्रमा तत्काल सम्पुर्ण गतिविधी (फोहोरमैला जम्मा गराउने देखी जलाउने सम्म) संचालनमा रोक लगाई बन्द गराउने र हाल का.म.न.पा. वडा नं. ८ मा रहेको उक्त Incinerator center त्यस स्थानबाट हटाई अर्को ठाउँमा स्थानान्तरण गराउन हिटा हेभी मेसीनरी एण्ड रिसाइकल प्रा.लि, का.म.न.पा. वडा नं. ६ बौद्द लाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं.२ः- प्रदेश समपुरक र विशेष योजना सम्बन्धमा ।

प्रदेश समपूरक र विशेष अनुदान अन्तर्गत २०८३/८४ का लागि तपसिल बमोजिमका आयोजनाहरू संचालन गर्न बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा योजना मन्त्रालयमा प्रस्ताव पेश गुर्ने निर्णय गरियो।

तपसिल;

| क्र.स. | संघ समपूरक/ विशेष अनुदान मागको लागि योजनाहरूको सूची | अनुदानको प्रकार | लागत अनुमान |
|---|---|---|---|
| १ | माईतीनेपाल चोकदेखी वडा नं. ३ वडा कार्यालयसम्म जाने बाटो सडक स्तरोन्नी | समपुरक अनुदान | ३,००,००,०००।- |
| २ | वडा नं. १ ओखेनी देखी खत्रीटोल हुदै देउरालीसम्म सडक स्तरोन्नती | समपुरक अनुदान | ३,००,००,०००।- |
| ३ | वडा नं. ४ पाटीदोबाटो देखी सावित्रादेवी जाने सडक स्तरोन्नती | समपुरक अनुदान | ३,००,००,०००।- |
| ४ | वडा नं. २ वडा कार्यालयबाट नर्साङ्ग क्याफेसम्म सडक स्तरोन्ती | समपुरक अनुदान | ३,००,००,०००।- |
| ५ | वडा नं. १ नयाँपाटी खानेपानी आयोजना | विशेष अनुदान | १,००,००,०००।- |
| ६ | वडा नं. ३ स्वास्थ्य चौकी निर्माण | विशेष अनुदान | १,००,००,०००।- |

## गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/११/१०गतेको पैंतालिसौं कार्यपालिका बैठकको निर्णय

**निर्णय नं.३:- जिल्ला प्रशासन कार्यालयको विपद विपद् व्यवस्थापन सम्बन्धमा ।**

जिल्ला प्रशासन कार्यालय, काठमाडौंको मिति २०८२/०९/२८ को प.स. ०८२/०८३ च.न.१६५ को भुक्तानी सम्बन्धमा विषयको " यस कार्यालयबाट प्रवाह हुने सेवालाई आधुनिक प्रविधि मैत्री, सेवाग्राही मैत्री बनाई सेवा प्रवाहलाई सरल,सहज र पारदर्शि बनाउन यस कार्यामा मेसिनरी तथा औजार सम्बन्धी सामाग्री तथा उपकरण जडान भएको र उक्त कार्यका लागि चालू आ.व. मा यस कार्यालयलाई प्राप्त विनियोजित बजेट अपुग हुन गएको हुँदा उक्त कार्यमा खर्च भएको रकम भुक्तानीको लागि तहाँ कार्यालय सँग भएको समन्वय अनुसार सक्कलै विल तथा आवश्यक कागजातहरु यसै पत्रसाथ संलग्न राखी पठाईएको छ । उक्त विल बमोजिमको रकम रु९,७४,०००/-( मु.अ.कर समेत) सम्बन्धित पार्टी श्री नमस्ते ईन्फोटेक प्रा.लि.को नाममा तहाँ नगरपालिकाबाट भुक्तानी गरी सहयोग गरिदिनहुन र भुक्तानी भए पश्चात सो को जानकारी पठाइदिन हुन" भनी पत्र प्राप्त भएकोले मिति २०८२ भाद्र २४ को जेन्जि आन्दोलनका कारण भएको क्षतीका कारण सेवा सुचारु गर्न अति आवश्यक मेसिनरी तथा औजार सम्बन्धी सामाग्री तथा उपकरण जडान भएकोमा जिल्ला प्रशासन कार्ययलको विपद व्यवस्थापनमा स्थानीय तहको दायित्व तथा सहयोगलाई बोध गरी उक्त रकम रु९,७४,०००/- यस न.पा. को आ.ब.०८२/०८३ को नगर स्तरीय विपद व्यवस्थापन शिर्षकबाट खर्च लेखिने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:- अनुमोदन सम्बन्धमा ।**

मिति २०८२/०८/२५ देखि २०८२/११/१० सम्ममा देहाय बमोजिम क) नगर प्रमुख कार्यक्रमबाट भएको खर्च, ख) नगर उप प्रमुख कार्यक्रमबाट भएको खर्च र ग) असाध्य रोग अनुदान एवं विपन्न उपचार सहयोग बाट भएको खर्चहरु अनुमोदन गरियो ।

| क) नगर प्रमुख कोष बाट | | | | |
|---|---|---|---|---|
| क्र.स. | विवरण | वापत | रकम रु | मिति |
| १ | यूथ भिजन फर सस्टेनेबल डेभलपमेन्ट | सास्कृतिक वृतचित्र निर्माण | १९९४४५ | २०८२।०८।२५ |
| २ | पासाङ्ग लामा | खम्बा क्याम्प मा गार्डेन निर्माण | १००००० | |
| ३ | गौडापाखा वृक्षारोपण संरक्षण समिति | मल बनउने ईटाँको कन्टेनर निर्माण | ४०००० | |
| ४ | युवा जनजागरण अभियान समुह | रक्तदान कार्यक्रम संचालन | २५००० | |
| ५ | पिस ब्याङकुटस एण्ड रेष्टुरेन्ट प्रा.लि. | क्यान्सर सम्बन्धकी कार्यक्रम संचालन | १००५१७ | |
| ६ | ए टु जेट इस्पिकर हाउस | सामाग्रि खरिद | ३६७४५ | |
| ७ | तेज नेपाल मल्टिमिडिया प्रा.लि | वडा नं ३ को सिफारिस बमोजिम विशेष नारी सम्मान तथा सांस्कृतिक कार्यक्रम संचालन | २१५२० | |

गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/११/१०गतेको पैंतालिसौं कार्यपालिका बैठकको निर्णय

| | | | | |
|---|---|---|---|---|
| ८ | शुभ लाभ सर्जिकल हाउस एण्ड ट्रेडिङ्ग | सामाग्रि खरिद | १३६३०५ | |
| ९ | राईट ब्रदर्स कन्स्ट्रक्सन प्रा.लि. | वडा २ मा बाटो स्तरउन्नती | ४६५८९३ | |
| १० | स्पार्कल ईन्टरटेन्मेन्ट प्रा.लि. | कार्यक्रम संचालन | ५०००० | |
| ११ | सिटि डेभ्लपर्स एण्ड बिल्डर्स | वडा नं ३ टोठा मनडोल बाटो ढलान | ४८२०६६ | |
| १२ | निलगिरि बिल्डर्स एण्ड सप्लार्यस | वडा नं ५ लागिगुरास टोलमा ब्लक राख्ने | ४६६९२२ | |
| १३ | डोलेगाल महिला समूह | कार्यक्रम संचालन | ९०९५० | |
| १४ | युवा जनजागरण अभियान समुह | रक्तदान कार्यक्रम संचालन | २५००० | |
| १५ | एलायन्स प्रिन्टर्स एण्ड मिडिया हाउस प्रा.लि. | उपन्यास पुस्तक खरिद | २४८६० | |
| १६ | युवा जनजागरण अभियान समुह | रक्तदान कार्यक्रम संचालन | २५००० | |
| १७ | गाम्चा महिला विकास समिति | ३ दिने मनोसामाजिक तालिम कार्यक्रम संचालन | १००००० | |
| १८ | शुभ लाभ सर्जिकल हाउस एण्ड ट्रेडिङ्ग | हागा काट्ने समाग्री खरिद | ३२४०८३ | |
| १९ | सामाजिक रुपान्तरणका लागि नागरिक समाज काठमाण्डौ | विभिन्न चर्तित व्यक्तिहरुलाइ मानार्थ सदस्यता प्रदान लगायत कार्यक्रम | २००००० | |
| २० | शुभ लाभ सर्जिकल हाउस एण्ड ट्रेडिङ्ग | वडा १ का े आश्रममा खाध्यान्न बितरण | ९९८६९ | |
| २१ | न्यू सुनकोशी स्टील फर्निचर उद्योग | बौद्ध प्रहरी बृतमा फर्निचर खरिद | १९८६५४ | |
| २२ | सेवक डेकोर एण्ड फर्निचर | फर्निचर खरिद देवि बाल सुधार मा.वि | २४९९८४ | |
| २३ | निजी तथा आवसीय विद्यालय अर्गनाइनेसन नेपाल | निजी तथा आवसीय विद्यालयको अन्तर विद्यालय विशेष नृत्य कार्यक्रम | २००००० | |
| २४ | पि.एस.प्रिएन्सा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | वडा १ मा ग्राबेल लगाउने कार्य | ९४५०० | |
| २५ | न्युज नाइन्टीनाइन एन.पी. प्रा.लि. | कार्यक्रम प्रशारण | ९९००० | |
| २६ | युवा जनजागरण अभियान समुह | रक्तदान कार्यक्रम संचालन | ५०००० | |
| २७ | ब्रम्हाकुण्ड निर्माण सेवा प्रा.लि. | वडा ३ मा खानेपानी पाइपलाइन विस्तार | २६०३०० | |
| २८ | इष्ट अफ काठमाण्डौं इलेक्ट्रोनिक्स प्रा.लि. | वडा ८ जाग्रिति युवा समुहलाइ साउन्ड सिस्टम खरिद | १३५६०० | |
| २९ | ए टु जेट इस्पिकर हाउस | वडा १ मा साउन्ड सिस्टम खरिद | ९९४४० | |
| ३० | भरत बहादुर लामा | वडा नं. ३ को तारेभीरको सडकमा खाल्डाखुल्डि सम्माए वापत | ११३०० | २०८२।११।१० सम्म |

गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/११/१०गतेको पैंतालिसौं कार्यपालिका बैठकको निर्णय

| | | | | |
|---|---|---|---|---|
| ३१ | शुभ लभ सर्जिकल हाउस | फर्निचर खरिद | ११ | |
| ३२ | फ्याफुल्जी डिजिटल मिडिया प्रा. लि. | सुचना प्रकाशन बापत | १०००० | |
| ३३ | दायरा प्रिन्टिङ | वडा नं ६ मा वडा कार्यालय अगाडी फल्चामा 3D name block राखे वापत | १८१००० | |
| ३४ | निरन्तर विकास संघ नेपाल | शैक्षिक सामाग्रि वितरण | १००००० | |
| ३५ | सामुदायिक भवन व्यवस्थापन समिति | महाँकाल स्थित मेलम्ची खानेपानी द्धारा निर्माण सामुदायिक भवन परिसरमा ब्लक बिच्छाउने कार्य वापत | ४००००० | |
| ३६ | सामरितन इन्भेष्टमेन्ट प्रा.लि | बाटुलेसिम खानेपानी व्वस्थापन समितको नव निर्मित भवनको सिलन्यासको सिलालेख ढुङ्गा निर्माण | ५४२४० | |
| ३७ | गणेश मन्दिर सडक ढलान उपभोक्ता समिति | सुर्यमती खोला डोखा जाने बाटोमा रेलिङ्ग निर्माण कार्य वापत | १४७६५० | |
| ३८ | राष्ट्रिय संस्थागत विद्यालय संघ नेपाल | आठौ सामूहिक लोक नृत्य प्रतियोगिता संचालन वपात | ३००००० | |
| ३९ | जुनेली नेपाल मिडिया प्रोडक्सन प्रा.लि. | नगरपालिकाकोनिरन्तर रुपमा विविध सूचना जानकारी विज्ञापन तथा समाचार वापत | ९९००० | |
| ४० | लक्ष्मण सिंह खड्का | सालिक सरसफाइ तथा रङ्गरोगन | २५००० | |
| ४१ | शैक्षिक महिला सञ्जाल | शैक्षिक महिला संजाल लाइ विशेष नृत्य प्रतियोगिता वापत | २००००० | |
| ४२ | ग्रीन आर्मी नेपाल | ग्रीन आर्मी नेपाललाइ सवारी मर्मत | ९९७७९ | |
| ४३ | परिवर्तन महिला समुह | परिवर्तन महिला समूहलाई ब्युटि पार्लर तालिमको | २००००० | |
| ४४ | स्टारवय इन्फोसिस | मेशिनरी समान खरिद | १४४४६० | |
| ४५ | शुभ लाभ सर्जिकल हाउस एण्ड ट्रेडिङ्ग | फर्निचर तथा मेशिनरी सामान खरिद | २६३९११ | |
| ४६ | महाशक्ति ह्युम पाईप उद्योग प्रा.लि | वडा ३ मा हिमपाइप लगाएको | ६१७६२ | |
| ४७ | ब्रम्हाकुण्ड निर्माण सेवा प्रा.लि. | वडा ३ को रिदि सिदि टाेल सुधार मा खानेपानी पाइप खरिद | ३१६१७४ | |
| ४८ | कृतज्ञ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | वडा ६ मा स्टील रेलिङ्ग लगाए वापत | ४४१०५४ | |

गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/११/१०गतेको पैंतालिसौं कार्यपालिका बैठकको निर्णय

| | | | | |
|---|---|---|---|---|
| ४९ | गजाधर इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. | वडा ९ मा खानेपानी पाइप विस्तार | ९८८७२ | |
| ५० | इष्ट अफ काठमाण्डौं इलेक्ट्रोनिक्स प्रा.लि. | खेलकुद समितिलाइ कम्प्युटर खरिद | १६९५०० | |
| ५१ | मेट्रोलिङ्क कन्स्ट्रक्सन प्रा लि | वडा ८ माकालबारीमा ढल विस्तार | ४९०८५८ | |
| ५२ | जय राजदेवी मेडिको प्रा. लि. | अक्सिजन कन्सनट्रेटर खरिद | ४४६३५० | |
| ५३ | नयन एण्ड नीर सप्लायर्स प्रा.लि. | वडा ४ मा वाट डिस्पेन्सर खरिद | ४२६०१ | |
| ५४ | एप्लियोनीक सप्लायर्स प्रा लि | वडा ६ मा सामाग्री खरिद | १९९८९७ | |
| ५५ | ब्रम्हाकुण्ड निर्माण सेवा प्रा.लि. | वडा ३ मा पाइप खरिद - | १४९५६० | |
| ५६ | सृजनशिल गोदावरी महिला समाज | तालिम संचालन | १५०००० | |
| ५७ | स्टारवंय इन्फोसिस | वडा ३ मा कम्प्युटर खरिद | ९१५३० | |
| ५८ | माहांकाल घाट बाटो ढलान उपभोक्ता समिति | वडा १ मा माहांकाल घाट बाटो उ.स | ५००००० | |
| ५९ | रत्न बहादुर तामाङ्ग | नारायणटारमा ट्राफिक लाइट लगाउदा साउन्ड सिस्टम वापत | २८००० | |
| ६० | होचापुड्का समाज | साबुनहरु हर्पिक फिनेल तथा कोलिन सामानहरु बनाउने तालिम संचालन गरेबापतको रकम | १००००० | |
| ६१ | पि.एस.प्रिएन्सा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | बाट वडा १ मा कुलो सरसफाइ | ९४५७५ | |
| ६२ | सुनौलो पाइला | कार्यक्रम सचालन | २००००० | |
| ६३ | लक्ष्मण सिंह खड्का | सालिकहरु सरसफाइ तथा रङ्गरोगन गरेवात | २१०१८ | |
| ६४ | श्री युवा जन जागरण समुह | रक्तदान कार्यक्रम संचालन | २५००० | |
| ६५ | न्युज समायोजन | रक्तदान कार्यक्रम संचालन | १५००० | 2082.11.10 सम्म |

गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/११/१०गतेको पैंतालिसौं कार्यपालिका बैठकको निर्णय

| ख) नगर उपप्रमुख कोष बाट | | | | |
|---|---|---|---|---|
| क्र.स. | विवरण | वापत | रकम रु | मिति |
| १ | बुद्ध शान्ती नेपाल | लैगिंक हिसा बिरुद्धको १६ दिने कार्यक्रम संचालन | १९९००० | २०८२।०८।२५ |
| २ | शुभ लाभ सर्जिकल हाउस एण्ड ट्रेडिङ्ग | सामाग्रि खरिद वापत | १४९९५० | |
| ३ | भगवती सांस्कृतिक खल | सामाग्रि खरिद वापत | १५०००० | |
| ४ | सन्सारी देवी महिला समुह | पाठेघरस्तन क्यान्सर न्यूनिकरण सम्बन्धि कार्यक्रम संचालन | ९९००० | |
| ५ | वि.आई.ए ईन्स्टिच्युट | अपाङ्ग स्कुटर र्यालीमा भएको खर्च वापत | ९९००० | |
| ६ | नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ | फिचर लेखन तालिम संचालन | ९९००० | |
| ७ | मेरुदण्डीय पक्षघात समुह नेपाल | एक दिने स्वहेरचाह कार्यक्रम सञ्चालन | ९९००० | |
| ८ | आत्तरखेल महिला समाज | कार्यक्रम संचालन | २००००० | |
| ९ | बोष्टर मिडिया प्रा.लि. | सुचना प्रकाशन वापत | २०००० | |
| १० | बिहानी एकल महिला समुह | ल्होसार कार्यक्रम संचालन | २००००० | |
| ११ | बटुक भैरव महिला विकास समुह | कार्यक्रम संचालन | १००००० | |
| १२ | ग्लोबल इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि. | वडा ५ मा सडक निर्माण वापत | २००००० | |
| १३ | गोकर्णेश्वर गुरुङ्ग (तमु) समाज | कार्यक्रम संचालन | २००००० | |
| १४ | सोतोकान करातेडो सोबुकान | खेलकुदक कार्यक्रम संचालन | ३२०००० | २०८२।११।१० सम्म |

गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/११/१०गतेको पैंतालिसौं कार्यपालिका बैठकको निर्णय

| ग) उपचार खर्च सम्बन्धी विवरण | | | |
|---|---|---|---|
| क्र.स. | बिरामीको नाम | रकम रु | मिति |
| १ | राम कुमार रानामगर | २०,००० | २०८२।०८।२५ |
| २ | कुमार श्रेष्ठ | १५,००० | |
| ३ | लिलामाया वि.क. | १५,००० | |
| ४ | चिरञ्जिवि श्रेष्ठ | १५,००० | |
| ५ | ज्ञान कुमार श्रेष्ठ | २५,००० | |
| ६ | रिता श्रेष्ठ | १५,००० | |
| ७ | राजु महत | २५,००० | |
| ८ | मौसम गौतम | २५,००० | |
| ९ | भगवती दाहाल | १५,००० | |
| १० | ज्योति विश्वकर्मा | २५,००० | |
| ११ | तारानाथ पुरि | २०,००० | |
| १२ | लक्ष्मण प्रसाद सापकोटा | २५,००० | |
| १३ | मनोज खत्री | २०,००० | |
| १४ | सुधीर न्यौपाने | २५,००० | |
| १५ | लक्ष्मी श्रेष्ठ | १५,००० | |
| १६ | विष्णु प्रसाद धिमाल | १५,००० | |
| १७ | सुमित्रा खड्का तामाङ | २०,००० | |
| १८ | रिकीराज पौडेल | २५,००० | |
| १९ | पार्वती सापकोटा | २०,००० | २०८२।११।१० सम्म |

*गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/११/१०गतेको पैंतालिसौं कार्यपालिका बैठकको निर्णय*

निर्णय नं.५:- विविध सम्बन्धमा ।

५.१) यस कार्यालयमा कार्यरत कर्मचारी श्री पबित्रा बराल, खा.पा.स.टे. (रा.प. अनकिंत द्वितीय, अस्थायी) ले यस कार्यालयमा मिति २०८२/०५/०८ गते आफ्नो घरायसी समस्याको कारण जनाई यस कार्यालयमा आफू स्वयम् उपस्थित भई आफू कार्यरत पदबाट मिति २०८२/०५/०८ गतेबाट लागू हुने गरी राजीनामा दिई सनाखत समेत गर्नु भएकोले निजि कर्मचारीको मिति २०८२/०५/०८ गतेबाट लागू हुने गरी राजीनामा स्वीकृत गर्ने निर्णय गरियो ।

५.२) आ.ब.०८२/०८२ को नगरस्तरीय स्वास्थ्य प्रवर्धनको चालू तर्फको क्र.स.११ को विभिन्न अस्पालहरु सँगको सम्झौता बमोजिम स्वास्थ्य सेवा सहकार्य शिर्षकमा विनियोजित रु.१,००,०००,००/- बाट रु२०,००,०००/- रकम स्वास्थ्य प्रवर्धन चालू तर्फको क्र.स.९ असाध्य रोग अनुदान एवं विपन्न उपचार सहयोग शिर्षकमा रकमान्तर गरी असाध्य रोग अनुदान एवं विपन्न उपचार सहयोग गर्ने निर्णय गरियो ।

५.३) आ.ब.०८२/०८३ को स्वास्थ्य प्रवर्धन चालू तर्फको क्र.स.९ असाध्य रोग अनुदान एवं विपन्न उपचार सहयोग शिर्षक र यसमा रकम रकमान्तरित शिर्षकबाट खर्च लेखिने गरी देहाय बमोजिम उपचार सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | विरामीको नामथर,ठेगाना | विवरण | उपचार खर्च |
|---|---|---|---|
| १ | तेज बहादुर कार्की, नगर प्रहरी गो.न.पा. | निजको पिता अम्बर बहादुर कार्कीको अल्सर को अपरेशन | रु५०,०००/- |
| २ | अनुजा गिरी, गो.न.पा.कर्मचारी कानुन शाखा | पेटको ट्युमरको अपरेशन | रु५०,०००/- |

५.४) साविक प्रधानमन्त्री रोजगार कार्यक्रम हाल राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत आ.व २०८२।८३ का लागि वडा नं. १,२,३,४,५ र ८ बाट सूचिकृत भएका बेरोजगारहरुलाई नेपाल सरकारको शशर्त अनुदान, नगरपालिका बाट नगरस्तरिय योजनातर्फ रोजगार प्रवर्द्धन सम्बन्धी कार्यक्रम शिर्षकमा बिनियोजित बजेट र बिभिन्न वडा कार्यालयहरुले वडागत रुपमा उपलब्ध गराउने बजेट परिचालन गरी वडा कार्यालयहरुबाट प्रविधिक लागत अनुमान सहित सिफारिस गरी पठाएका रोजगारीका आयोजनाहरु संचालन गरी सूचिकृत विपन्न वेरोजगारहरुलाई वडागत रुपमा न्यूनतम रोजगार प्रदान गर्ने निर्णय गरियो ।

५.५) आ.ब.०८२/०८३ को नगर स्तरीय नगर प्रमुख शिर्षकबाट खर्च लेखिने गरी देहाय बमोजिमका योजना तथा कार्यक्रम संचालन तथा भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.स. | योजना तथा कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|
| १ | जगडोल सहिद पार्क तथा काठमाडौं वान्डिङ (I LOVE KATHMANDU) सम्बन्धी कार्यक्रम, वडा नं.४ | रु.१०,००,०००/- | मिति २०८२/१०/०२ को नेपाल पर्यटन वोर्डको पत्रानुसार नगरपालिका र नेपाल पर्यटन बोर्डको सम्झौता अनुसार काम सम्पन्न भएको र पर्यटन बोर्डबाट भुक्तानी हुन नसकेकोले |
| २ | वडा नं.८ अमर लामाको घर देखि संजितको घर सम्मको बाटो ढल तथा ढलान गर्न | रु.१०,००,०००/- | |
| ३ | वडा नं. ६ र ७ नारायणटार पुल मुनी ढल तथा सडक विस्तार र गेट हटाउने कार्य | रु.४,५५,०००/- | |
| ४ | वडा नं.१ गोकर्णश्वर सिटि कभर्ड हल रंगरोगन | रु.२,६२,०००/- | |
| ५ | वडा नं.६ जोरपाटी फाल्चामा तथा भित्तामा बत्ति | रु६८,०००/- | |

५.६) आ.ब. ०८२/०८३ को नगर स्तरीय पुर्वाधार तर्फको क्र.स.५३ को वडा नं.४ डोखा गणेश मन्दिरबाट जुगल हिमाल जाने सडक स्तरोन्नती रु१५,००,०००/- को योजना ठेक्का मार्फत संचालन गर्न ठेक्का निकालिएको मा ठेक्का नपरेको हुनाले पुन ठेक्कामा गएर संचालन गर्दा ढिलो हुने भएकोले स्थानीय उपभोक्ता मार्फत संचालन गर्ने निर्णय गरियो ।

५.७) वडा नं.६ अन्तर्गत विभिन्न स्थानहरुमा खानेपानी पाइपलाइनकव मर्मत तथा लिकेज व्यवस्थापनका लागि काठमाडौं उपत्यका खानेपानी लिमिटेड बाट भएको ईष्टमेट अनुसारको रु४,९५,०००/- को कार्य गर्न आ.ब.०८२/०८३ को नगर स्तरीय पूर्वाधार तर्फको क्र.स. १४४ को वडा नं.६ भुत्ते पोखरी फाल्चा निर्माण रु.२०,००,०००/- शिर्षकबाट खर्च लेख्ने गरी गर्ने निर्णय गरियो ।